बैठक संख्याः १०३ औं

मिति २०८२/०४/१४ गते बुधबार दिउँसो २:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री दिपक गौतम | सदस्य/का.बा.वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८६३९२३१७९ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष,, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

## शंखरापुर नगर कार्यपालिकाको १०३ औं (मिति २०८२/०४/१४) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८२/०३/०४ गते बसेको कार्यपालिकाको १०२ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | यस नगरपालिकाको आ.व.२०८१/८२ को अनुसूची ३ बमोजिमको वार्षिक आय व्यय विवरण सम्बन्धमा समीक्षा गरियो। |
| निर्णय नं ४: | World Newah Organization को च.नं. 150-INV-17 ने.सं ११४५ तछालाथ्व ८ को पत्रानुसार यस नगरपालिकाका उपप्रमुख श्री समिता श्रेष्ठलाई इ.सं 15 – 17 August 2025 Dubai मा आयोजना गरिएको 5th World Newah Convention मा विशेष अतिथिको रुपमा आमन्त्रण गरिएको हुँदा भ्रमण स्वीकृर्तिको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | यस नगरपालिकाको आं.व. २०८२/८३ को वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो। |
| निर्णय नं ६: | सङ्घीय मामिला मन्त्रालय तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रियां अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ७: | यस नगरपालिकाको वडा नं ६ स्थित भाग्योदय क्याम्पसको त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भाग्योदय क्याम्पस विधान,२०८१ अनुमोदन गर्ने निर्णय गरियो। |
| निर्णय नं ८: | नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८२/०८३ च.नं. ३ मिति २०८२/०४/२ गतेको पत्रानुसार सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्न विगतमा अभ्यासमा रहेका 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि,२०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि,२०७९ को एकीकरण तथा परिमार्जन गरी तयार भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि,२०८२ आ.व. २०८२/८३ देखि कार्यान्वयन हुने गरी सार्वजनिक गरिएको जानकारी प्राप्त भएको र उल्लेखित कार्यविधिमा भएको व्यवस्थाको दफाबार छलफल गरी तोकिएको अवधि भित्र कार्यसम्पादन गर्न यस नगरपालिकाका सम्बन्धित शाखा/उपशाखा/इकाइ/कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो। |
| निर्णय नं ९: | यस नगरपालिकाको वडा नं ९ स्थित इन्द्रायणी नगर अस्पतालबाट सञ्चालन भएका तपसिल बमोजिमका थप सेवाहरुलाई स्वास्थ्य बीमामा आवद्ध गरिदिनको लागि स्वास्थ्य बीमा बोर्डलाई सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो।<br>**तपसिल:**<br>१. In-patient department(IPD) अन्तरङ्ग सेवा |

२. Ultrasound (USG) सेवा

३. Lab सेवा विस्तार

४. Physiotherapy सेवा

५. आँखा जाँच सेवा

**निर्णय नं १०:**

यस नगरपालिकामा हेभी इक्युपमेन्ट प्रयोग गरी विभिन्न प्रकारको माटो तथा चट्टान काट्ने कार्यको दररेट, वासिङ्ग ग्राभेलको दररेट लगायत ढुवानी गर्नुपर्ने निर्माण सामाग्रीको दररेट तपसिल बमोजिम हुने गरी कायम गर्न र अन्य दररेटको हकमा जिल्ला दररेट निर्धारण समिति, काठमाडौंबाट आ.व.२०८२/८३ को लागि स्वीकृत जिल्ला दररेटलाई नै पारित गरी Civil Works, Road Rate Analysis, Water Supply and Irrigation को Rate Analysis गरि प्रयोग गर्ने।

तपसिल:

१.मेशिन ,औजार तथा उपकरण भाडा दर सम्बन्धी :_मेशिन प्रयोग गरी सडक निर्माण गर्दा वा अन्य कार्य गर्नु पर्दा डोजर, एक्साभेटर ,रोलर ,ग्रेडर आदिको दर सडक विभागबाट कायम गरिएको प्रति घण्टाको भाडादर अनुसार नै कायम गरियो । Website of Heavy Equipment Division – (www.dor.gov.np)

| क्र.सं. | निर्माण सामग्रीहरुको विवरण | एकाई | मु. अ. क .(VAT) बाहेक | | |
|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १. | Heavy Equipment प्रयोग गरि बिभिन्न प्रकारको माटो तथा चटान काट्ने कार्य | | | | |
| १..१ | मध्यम प्रकारको चटान )MR) काट्ने कार्य | घ.मि. | ५०० | ५०० | ५०० |
| १.२ | कडा प्रकारको चटान) HR) कार्य) Breaker समेत प्रयोग गरेर( | घ.मि. | ७५० | ७५० | ७५० |

नोटः माथि निर्णयमा उल्लेख भएको सबै प्रकारको माटो काट्न कार्यको abbreviation तपशिल उल्लेख गरिएको छ

| |
|---|
| OS: Ordinary Soil |
| HS: Hard Soil |
| BMS: Boulder Mixed Soil |
| MS: Marshy Soil |
| SR: Soft Rock |
| MR: Medium Rock |
| HR: Hard Rock |

२.Washing को Gravel को हकमा गत आर्थिक वर्षको दररेट रु ३२.५० per Cuft. कायम गर्ने ।

| | |
|---|---|
| | ३.यातायात सुविधा नभएको क्षेत्रमा ज्यामीबाट बोकाई निर्माण सामाग्री ढुवानी दररेटः- निर्माण सामाग्री अनलोड भएको स्थानबाट आयोजना स्थल सम्म ५०० मिटर भन्दा टाढा भएमा बढिमा ५ प्रतिशत रेट थप गरी दररेट कायम गर्ने ।<br>४. टिमुरको विरुवा २ वर्ष पुरानो २ देखि ३ फिट उचाईको दररेट प्रति बोट रु १२० कायम गर्ने ।<br>५. शान्ति पार्क बुद्ध मुर्ति निर्माण कार्यको दररेट अनुसूची ५ बमोमिज गर्ने। |
| निर्णय नं ११: | यस शंखरापुर नगरपालिकाको नागरिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ अनुसूची ४ बमोजिमको संशोधन गरी पारित गर्ने निर्णय गरियो। |
| निर्णय नं १२: | यस नगरपालिकाको ४ नं वडा कार्यालयको च.नं. ३६ मिति २०८२/०४/१३ गतेको पत्रानुसार कार्यालयको भवन जिर्ण भएकोले भवन मर्मत, ट्रस निर्माण र रंगरोगन लगायतका काम गर्नका लागि लागत अनुमान बमोजिम कार्य गर्न निर्मित संरचनाको मर्मत संभार शीर्षकबाट खर्च गर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं १३: | यस नगरपालिकाको आ.व.२०८२/८३ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरुको अनुसूची ६ बमोजिम त्रैमासिक कार्यान्वयन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो। |
| निर्णय नं १४: | यस शंखरापुर नगरपालिकाको जलस्रोत उपभोक्ता तथा मुहान दर्ता कार्यविधि २०८१ को दफा ६ उपदफा ५ मा व्यवस्था भए बमोजिम नगर जलस्रोत समितिको मिति २०८२ श्रावण १४ गतेको सिफारिस बमोजिम यस नगरपालिकाको वडा नं ४ स्थित श्री लप्से वृहत खानेपानी योजना निर्माण उपभोक्ता समिति विधिवत रुपमा दर्ता गरी प्रमाणपत्र प्रदान गर्न सिफारिस गरिएको हुँदा श्री लप्से वृहत खानेपानी योजना निर्माण उपभोक्ता समिति, शंखरापुर –४ दर्ता गर्ने निर्णय गरियो। |
| निर्णय नं १५: | यस नगरपालिकाको वडा नं ९ स्थित इन्द्रायणी नगर अस्पतालबाट सञ्चालन हुने सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि ठेक्का बन्दोबस्ती भई सामग्री आपूर्ति नहुन्जेल सम्मको लागि अत्यावश्यक तपसिल बमोजिमका सामग्रीहरु खरिद गरी व्यवस्थापन गर्ने निर्णय गरियो।<br>**तपसिलः**<br>ल्याबको रिएजेन्ट तथा सामग्री खरिद<br>बीमा सुविधाका लागि आवश्यक औषधि खरिद<br>निशुल्क वितरणका लागि आवश्यक औषधि तथा सर्जिकल्स सामग्री खरिद<br>ल्याव व्यवस्थापनका लागि Immuno-analyzer खरिद |
| निर्णय नं १६: | यस नगरपालिकाको ९ नं वडा कार्यालयको च.नं. ३१ मिति २०८२/०४/०५ गतेको सिफारिस पत्रानुसार वडा नं ९ अन्तर्गत इन्द्रायणी - कागेश्वरी चक्रपथ सडकको पासीखेल सडक खण्डमा पहिरोका कारण सडक जोखिम अवस्थामा रहेको हुँदा उक्त स्थानमा ४ तथा ६ पाङ्ग्रे गाडी गुड्न रोक लगाइएकोले ९ नं वडा कार्यालय देखि सानागाउँ हुँदै लाकिला भुमेथली, गागलफेदी, भुल्भु, घुमारचोक, कार्की गाउँ, खत्रीपाखा लगायतका कागेश्वरी चक्रपथ सडक खण्डसँग जोडिएका स्थानमा आवतजावत सुचारु गर्न वैकल्पिक सडकको रुपमा वेनडोल, परियार टोल, मगर गाउँ सडकको स्तरोन्नति तथा ग्राभेलिङ्ग गरी यातायात सञ्चालन गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम रु १०,००,०००/-(अक्षररुपी रु दश लाख मात्र)बजेट नगर भैपरी कोषबाट खर्च गर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |

<u>अनुसूची १</u>

## शंखरापुर नगर कार्यपालिकाको १०२ औं (मिति २०८२/०३/०४) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ३: | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. २०८१/८२(प्रशासन) च.नं. ४९५८/५९५१५ मिति २०८२/०२/२८ को पत्रबाट आयोगबाट स्थानीय तहलाई दिइएका सुझाव कार्यान्वयनको प्रगति विवरण प्रविष्ट गर्ने सम्वन्धमा जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ४: | यस नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा पेश हुने नगर सभाका विषयगत समितिहरु(विधायन समिति, सुशासन समिति, राजस्व परामर्श समिति, लेखा समिति र न्यायिक समिति) का प्रतिवेदनहरु नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ५: | यस नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा पेश हुने निर्णय प्रस्तावहरु नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ६: | यस नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०८२/०२/२६ गतेको बैठकको सिफारिस बमोजिम पेश भएका नीति, कार्यक्रम तथा बजेट सम्बन्धी यस नगरपालिकाका नगर सभा सदस्यहरुको मिति २०८२/०२/३१ र २०८२/०३/०१ गतेको अन्तरक्रिया तथा छलफलबाट प्राप्त सुझावहरु समावेश गरी तयार गरिएको प्रस्तावित नीति, कार्यक्रम तथा बजेट आगामी नगर सभाको एघारौं अधिवेशनमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ७: | यस नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा पेश हुने आर्थिक विधेयक,२०८२ नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ८: | यस नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा पेश हुने विनियोजन विधेयक,२०८२ नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ९: | यस नगरपालिकामा कार्यरत अमिन अधिकृत श्री सुनिता श्रेष्ठको मिति २०८२/०२/३० को निवेदनानुसार नेपाल सरकार भूमि व्यवस्थापन सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रबाट सञ्चालन हुन लागेको जुनियर नापी तालिम(स्थानीय/प्रदेश)मा सो केन्द्रकै च.नं.९१६ मिति २०८२/०२/२६ गतेको पत्रानुसार निज कर्मचारी छनौट भएको हुँदा बागमती प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन, २०७९ को दफा ५९को उपदफा ५ र ६ (क) को व्यवस्था बमोजिम निज कर्मचारीको १ वर्ष अवधिको बेतलबी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो। | निज कर्मचारीले बेतलबी अध्ययन बिदा नलिएको |
| निर्णय नं १०: | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६४ उपदफा १ को खण्ड च र ऐनको दफा ११ को उपदफा (२)को खण्ड घ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कायम भएको आय ठेक्काको रकममा | सम्पन्न |

| | | |
|---|---|---|
| | नघट्ने गरी तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट निर्धारण गरिएको प्रस्तावित वार्षिक परिमाण अनुसार यस शंखरापुर नगरपालिका क्षेत्र भित्र रहेका मनमत्ता र सुकेखोला खोलाको कार्की गाउँको पुल देखि खुलालटार पुलसम्मर निर्माण माइनिङ वासिङ देखि मनमत्ता सम्म मिसिएर खुलालटार पुलसम्म ( प्रस्तावित वार्षिक परिमाण २६,९३,७९७.१८४ घ.फि.) , गडगडे खोलाको लागि बाघीखोला देखि मनोहरा संगमसम्म ( प्रस्तावित वार्षिक परिमाण १०,६९,९१७.९०८ घ.फि.) , शालिनदीको लागि नारायणेश्वर मन्दिरको दहदेखि मनहराको संगमसम्मको दहत्तर र वहत्तर सङ्कलन तथा बिक्री शुल्क( प्रस्तावित वार्षिक परिमाण १३,५०,८३१.२२३ घ.फि.) ठेक्का मार्फत बन्दोबस्त गर्न र यस नगरपालिकामा नियमानुसार दर्ता तथा नवीकरण भएका खानी तथा वासिङ कम्पनीबाट निकासी हुने कच्चा पदार्थको (प्रस्तावित वार्षिक परिमाण २१,३०,२५९.११५ घ.फि.) कुल जम्मा ७२,४४,८०५.४३ घन फिटको बागमती प्रदेशको आर्थिक ऐन,२०८२ बमोजिम बालुवा/ढुङ्गा/गिट्टी प्रति घन फिट रु ७/- ले हुन आउने रकम रु ५,०७,१३,६३८.०१/- (अक्षररुपी रु पाँच करोड सात लाख तेह हजार छ सय अठतीस र पैसा सुन्ना एक मात्र)मूल्य अभिवृद्धि कर बाहेक बरारबरको न्यूनतम कबोल अङ्क कायम गरी आर्थिक वर्ष २०८२/८३ को आय ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | |
| **निर्णय नं ११:** | यस नगरपालिका क्षेत्रमा चैते धान बाली लगाउने कृषकहरुलाई प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्ने समबन्धमा मिति २०८२/०३/०२ गते कृषि विकास समन्वय समितिका बैठकको सिफारिस बमोजिम चैते धानबाली लगाएका कृषकहरुको प्रति रोपनी लागत अनुमान खर्च रु ५,५६०/-(अक्षरुपी रु पाँच हजार पाँच सय साठी मात्र)को ५० प्रतिशतले हुन आउने रकम रु २,७८०/-(अक्षररुपी रु दुई हजार सात सय असी मात्र) का दरले तपसिल बमोजिमका कृषकहरुलाई प्रोत्साहन रकम दिने निर्णय गरियो।<br>**तपसिलः** | सम्पन्न |

| क्र.सं. | कृषकको नाम/थर | ठेगाना | चैते धान बाली लगाएको क्षेत्रफल रोपनी | अनुमानित लागत खर्च रु | ५० प्रतिशत प्रोत्साहन रकम रु |
|---|---|---|---|---|---|
| १. | सूर्य बहादुर वाइवा | शंखरापुर - २ | ९ | ५०,०४० | २,५० |
| २. | खम्पा तामाङ्ग | शंखरापुर - २ | २ | ११,१२० | ५,५६ |

| | | |
|---|---|---|
| **निर्णय नं १२:** | यस नगरपालिका र चौकि भन्जयाङ्ग बिल्डर्ष वीच यस नगरपालिकाको **ठेक्का Upgrading Of Bhagwati School Pachadi Sadak (SMO/81-82/36)** निर्माण गर्नको लागि मिति २०८१/१२/१० गते सम्झौता भएको । सम्झौता बमोजिम उक्त कार्य सम्पन्न गर्नको लागि रु. १०,९५,५०१.५८/- (दस लाख पन्चानब्बे हजार पाँच सय एक रुपैया अन्ठाउन्न पैसा ) भ्याट र पि.एस. सहितमा उक्त फर्मले कबोल गरेको । यस अघिको विनियोजित | सम्पन्न |

| | | |
|---|---|---|
| | बजेटबाट तयार भएको लागत अनुमान बमोजिम सडक नाला बनाउने लगायतको कार्य रहेकोमा हाल निर्माणको क्रममा शुरुको लागत अनुमान भन्दा केहि कार्यहरुको परिमाण थप घट हुने देखिएको । साथै निर्माणको क्रममा केहि जग्गाधनीहरुले सडक नाला बनाउन तथा सडक चौडा गर्न जग्गा कटिङ्ग गर्न नदिएको हुँदा सो स्थानमा नाली नवनाई हाललाई नालाको पानी कटाउनको लागि ह्युम पाईप आवशयक रहेको भनी माग गरेकाले सो स्थानमा सडक नालाबाट तल कुलो सम्म पानी निकास गर्नको लागि ह्युम पाईप सहित नयाँ लागत अनुमान तयार भएको छ। यसरी केही कार्यहरुको परिमाणमा फेरबदल हुँदा लागत अनुमान रकम समेत बढ्न गएको छ। यसरी शुरुको सम्झौतामा केही कार्यहरुको परिमाण फेरबदल भएको हुँदा शुरुको सम्झौता रकममा थप रु १,३७,८७०.६५/- (एक लाख सर्तिस हजार आठ सय सत्तरी रुपैया पैसठ्ठी पैसा) ले हुन आउने ११.६८ प्रतिशत बढन गएकोले सो रकम समेत व्योहिरिने गरी नयाँ सम्झौता रकम रु. १२,३३,३७२.२४/-( बाह्र लाख तेत्तिस हजार तीन सय वहत्तर रुपैया चौबिस पैसा भ्याट र पि.एस सहित) कायम हुने गरी प्रचलित सार्वजनिक खरिद ऐन को दफा ५४ र नियामवलीको ११८ बमोजिम Variation Order स्वीकृति गर्ने निर्णय गरियो। | |
| <u>निर्णय नं १३:</u> | यस नगरपालिका र नवयुवा कन्स्ट्रक्सनं एण्ड सप्लायर्स प्रा.लि बीच यस नगरपालिकाको ठेक्का SMO/81-82/६३ Painting and Compound Fencing works at shankharapur ward 1 office and swasthya chauki vawan निर्माण गर्नको लागि मिति २०८२/०२/०७ गते सम्झौता भएको । सम्झौता बमोजिम उक्त कार्य सम्पन्न गर्नको लागी रु. १४,१४,६४६.२१/-(चौध लाख चौध हजार छ सय छयालिस रुपैया एक्काईस पैसा ) भ्याट र पि.एस. सहितमा उक्त फर्मले कबोल गरेको । यस अघिको विनियोजित बजेटबाट तयार भएको लागत अनुमान बमोजिम रंगरोगन, पर्खाल निर्माण, तारबार लगायतको कार्य रहेकोमा हाल निर्माणको क्रममा शुरुको लागत अनुमान भन्दा केही कार्यहरुको परिमाण थप घट हुने देखिएको । हाल स्वास्थ्य चौकी तर्फको पर्खाल र तारबारको काम गर्दै जादा थप पर्खाल र तारबारको कार्य समेत गर्नु पर्ने देखिएको , वडा कार्यालयको पर्खालमा बाहिर भित्र नै प्लाष्टरको कार्य गर्नु पर्ने भएको हुँदा सो कार्य समेत गर्नको लागि नयाँ लागत अनुमान तयार भएको छ। यसरी केही कार्यहरुको परिमाणमा फेरबदल हुँदा लागत अनुमान रकम समेत बढ्न गएको छ। यसरी शुरुको सम्झौतामा केही कार्यहरुको परिमाण फेरबदल भएको हुदा शुरुको सम्झौता रकममा थप रु ३,१२,९००.६५/- (तित लाख बाह्र हजार नौ सय रुपैया पैसठ्ठी | सम्पन्न |

| | | |
|---|---|---|
| | पैसा) ले हुन आउने २२.९६ प्रतिशत बढ्न गएकोले सो रकम समेत व्योहिरिने गरी नयाँ सम्झौता रकम रु. १७,२७,५४६.८६/-( सत्र लाख सत्ताईस हजार पाँच सय छयालिस रुपैया छयासी पैसा भ्याट र पि.एस. सहित) कायम हुने गरी प्रचलित सार्वजनिक खरिद ऐन को दफा ५४ र नियामवलीको ११८ बमोजिम Variation Order स्वीकृति गर्ने निर्णय गरियो। | |
| निर्णय नं १४: | यस नगरपालीका र देउराली मल्टीपर्पोज निर्माण सेवा प्रा.लि बीच यस नगरपालिकाको ठेक्का Upgrading Of Karkichok Bhulbu Sadak (SMO/81-82/29) निर्माण गर्नको लागि मिति २०८२/११/१९ गते सम्झौता भएको । सम्झौता बमोजिम उक्त कार्य सम्पन्न गर्नको लागि रु. ४४,३५,८४५.४/-(चवालिस लाख पैतिस हजार आठ सय चौउन्न रुपैयाँ चालिस पैसा ) भ्याट र पि.एस. सहितमा उक्त फर्मले कबोल गरेको । यस अघिको विनियोजित बजेटबाट तयार भएको लागत अनुमान बमोजिम कल्भर्ट निर्माण, सडक ढलान, ग्याबिन वाल, पल्म वाल लगायतको निर्माण कार्य रहेकोमा हाल निर्माणको क्रममा सुरुको लागत अनुमान भन्दा केहि कार्यहरुको परिमाण थप घट हुने देखीएको । हाल सडक विस्तारको क्रममा सडक मापदण्ड अनुसार ROW निर्धारण गर्दा रिटेनिङ्गवाल लगाउनु पर्ने साथै सो स्थानमा नलगाएमा सडक छिन्ने उच्च जोखिम भएको हुँदा सो स्थानमा स्थलगत आवश्यकता अनुसार वाल लगाउनु पर्ने भएको र शुरुको BOQ बमोजिम परिमाण नपुग रहेकाले सो कार्यको लागि थप परिमाण आवश्यक भएकोले सम्झौता रकम नबढने गरी सो ठेक्का भित्र नै केही आईटमहरु मध्ये Quantity Adjustment गरी लागत अनुमान तयार भएको छ। साथै सम्झौता बमोजिम निर्माण कार्य भई राखेको अवस्थामा केही कार्यहरुको परिमाण समेत फेरबदल भएको छ। यसरी केही कार्यहरुको परिमाणमा फेरबदल भए तापनि सम्झौता रकम नबढने गरी प्रचलित सार्वजनिक खरिद ऐनको दफा ५४ र नियामवलीको ११८ बमोजिम Revised Estimate र Variation Order स्वीकृति गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं १५: | यस नगरपालीका र New Shankharapur Nirman and Suppliers Pvt Ltd वीच यस नगरपालिकाको ठेक्का Upgrading Of Ganpati Batika Kuldeuta Majgaun Paropakar Sadak (SMO/81-82/45) निर्माण गर्नको लागि मिति २०८२/१२/०६ गते सम्झौता भएको । सम्झौता बमोजिम उक्त कार्य सम्पन्न गर्नको लागि रु. ५०,७६,३२८.६/-(पचास लाख छहत्तर हजार | सम्पन्न |

| | | |
|---|---|---|
| | तिन सय अठ्ठाईस रुपैया साठ्ठी पैसा ) भ्याट र पि.एस. सहितमा उक्त फर्मले कबोल गरेको । यस अघिको विनियोजित बजेटबाट तयार भएको लागत अनुमान बमोजिम नाली निर्माण, सडक ढलान, पल्म वाल लगायतको निर्माण कार्य रहेकोमा हाल निर्माणको क्रममा शुरुको लागत अनुमान भन्दा केही कार्यहरुको परिमाण थप घट हुने देखिएको । हाल सडक विस्तारको क्रममा जग्गाधनीहरुबाट शुरुको लागत अनुमान तयार गर्दा तोकिएको चौडाई बराबर जग्गा रेखाङ्कन गर्न नदिएको र सो कारण नाली बनाई सडक ढलान गर्दा सडक चौडा नपुग्ने भएकाले नालीको स्थानमा टिक नाली बनाउन स्थानीय र जन प्रतिनिधिहरुको माग भएको। साथै सिमाङ्कन भई सकेको जग्गा पुरै ओगटेर बाटो ढलान गर्नु पर्ने र बाँकी रहेको लम्बाई समेत पूर्ण रुपमा ढलान गर्न स्थानीयहरु र जनप्रतिनिधिहरुको माग भएको र शुरुको BOQ बमोजिम ढालानको परिमाण नपुग रहेकाले सो कार्यको लागि थप परिमाण आवश्यक भएकोले सम्झौता रकमं नबढने गरी सो ठेक्का भित्र नै केही आईटमहरु मध्ये Quantity Adjustment गरी लागत अनुमान तयार भएको छ। साथै सम्झौता बमोजिम निर्माण कार्य भई राखेको अवस्थामा केही कार्यहरुको परिमाण समेत फेरबदल भएको छ। यसरी केही कार्यहरुको परिमाणमा फेरवदल भए तापनि सम्झौता रकम नबढ्ने गरी प्रचलित सार्वजनिक खरिद ऐनको दफा ५४ र नियामवलीको ११८ बमोजिम Revised Estimate र Variation Order स्वीकृति गर्ने निर्णय गरियो। | |
| निर्णय नं १६: | यस नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बहर संरक्षण कार्यक्रम (छाडा पशुको संरक्षणको लागि) सञ्चालनको लागि मिति २०८१/०९/२६ गतेको पशु विकास समन्वय समितिको सिफारिस बमोजिम नगरपालिकामा छाडा छोडिएका असहाय गाई बाच्छाहरुको संरक्षणमा सहयोग गर्दै आइरहेको काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं ८ मा स्थित असहाय गाईबाच्छाको संरक्षण अभियानका क्रममा सेभ दि लाईभ्ससँग सम्झौता गरी कार्यक्रमको लागि विनियोजित रकम रु १,५०,०००/- (अक्षररुपी रु एक लाख पचास हजार मात्र) अनुदान दिने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं १७: | शंखरापुर नगर खेलकुद समितिको मिति २०८१/१२/२१ गतेको निर्णयानुसार मिति २०८१/१२/२५ देखि २०८१/१२/२८ सम्म सञ्चालन भएको विद्यालयस्तरीय नगर खेलकुद प्रतियोगितामा सहभागी खेलाडी/शिक्षक/कर्मचारीहरुलाई खाजा/खाना/जर्सी तथा यातायात | सम्पन्न |

| | | |
|---|---|---|
| | बापत खर्च भएको रकम विद्यालयबाट सहभागी भएका खेलाडी/शिक्षक/कर्मचारीहरुको संख्या तथा खेलमा सहभागी भएको दिन समेत एकीन गरी समितिले सिफारिस गरे बमोजिम हुन आउने रकम तत् विद्यालयलाई अनुदान दिने निर्णय गरियो। | |

अनुसूची २

**शंखरापुर नगरपालिका**

**साँखु, काठमाण्डौ**

**योजना अनुगमन तथा सुपरिवेक्षण समिति**

**आ.व. २०८१।८२ को वार्षिक प्रतिवेदन**

**१. पृष्ठभूमी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

**२. उद्देश्य**

यस प्रतिबेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८१।८२ मा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामां पेश गर्ने रहेको छ ।

**३. अनुगमनमा सहभागी**

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

**४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु**

**क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु**

- योजना कार्यान्वयन कार्यतालिका अनुसार उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सम्झौता गर्ने समय माघ मसान्तसम्म १५ लाखसम्म (कार्यपालिकाले निर्णय गरी १५ लाख

माथीका ३ वटा योजना उपभोक्ता समिति मार्फत सञ्चालन भएको) विनियोजन भएका योजनाहरुको उपभोक्ता समितिहरुले सम्झौता गरी योजनाहरु कार्यान्वयन भएको ।

- उपभोक्ता समितिहरु गठनमा नै ढिलाई हुने गरेको ।
- गठन तथा सम्झौता पश्चात उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरु निश्क्रृय रहने र जेठ मसान्त वा असार महिनामा मात्र निर्माण कार्यमा सकृय हुने गरेको ।
- योजना सम्पन्न गर्नका लागि आवश्यक बजेट एकै पटक माग नगर्ने र विनियोजन पनि कम रकम मात्र हुने गरेकोले सम्पन्न गर्ने धेरै समय लाग्ने गरेको ।
- केही भिराला सडकहरुमा माटो कटिङ र ग्राभेल राख्ने गरेको ।
- विशेषगरी उपभोक्ता समितिहरुले खाने पानिका टयांकीहरु निर्माण गर्दा गुणस्तर, क्षमतालाई ध्यान नदिने गरेको ।
- योजनाको निर्माण कार्य सकिएको दिननै गरेका काम पानिले बगाएको/बिगारेको हुँदा योजनाको दिगोपनाको सोच कम देखिएको ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. <u>योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु</u>

- Quality र Quantity कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको
- ठेक्का मार्फत काम गर्दै गरेका योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्न सुझावको साथै सहजिकरण गरिएको ।
- केही योजनाहरु लागत अनुमान तयार भए पछि कार्यान्वयनको चरणमा फरक माग देखिने गरेकोले लागत अनुमान तयार गर्दा सरोकारवालाहरुलाई जानकारी गराई छलफल गरी के काम गर्ने हो एकीन गरेर मात्र लागत अनुमान तयार गर्न निर्देशन दिईएको र यो कार्यलाई आगामि दिनमा कडाईका साथ लागु गर्नु पर्ने।
- लागत अनुमान भन्दा कम काम गरेकोमा लागत अनुमान अनुसार सबै काम सक्न निर्देशन दिईएको ।
- कार्यसम्पन्न प्रतिबेदन तयार गर्नका लागि लिईएको नाप जाँच भन्दा कम काम गरेको भेटिएको अवस्थामा काम अनुसारको मात्र कार्यसम्पन्न प्रतिबेदन तयार गर्न लगाईएको
- गरेको काम अनुसार मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको भएता पनि फिल्डको अवस्था हेरी तत्काल असर पर्ने देखिएको अवस्थामा सुधार गर्न लगाएको ।ढलान गरेको सडक दायाँबायाँ पानीले माटो कटान गरी खोलेको अवस्थामा सो खाडल पुर्न लगाएर सडकको दिगोपन कायम गरेर मात्र भुक्तानी गरिएको ।

- सम्झौता अवधि भित्र कार्य सुसम्पन्न गराउन अधिकतम प्रयास गरिएको ।

ग. <u>अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु</u>

- आर्थिक वर्ष २०८१।८२ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि योजना कार्यक्रम कार्यान्वयन कार्यतालिकाको पूर्ण कार्यान्वयनका लागि प्रयास गरिए पनि विविध कारणले योजनाहरु सम्पन्न गर्न ढिलाई भएको । जसले गर्दा वर्षाद्को समयमा पनि काम हुँदा गुणस्तर र दिगोपनामा असर पर्ने हुँदा आगामी दिनमा तोकिएको समय भित्र काम सक्न सबै पक्षहरु संवेदनशिल हुनु पर्ने ।
- वजेट विनियोजन गर्दा संरचना निर्माण सम्पन्न भई प्रयोगमा आउन सक्ने अवस्था हुने गरी बजेट विनियोजन हुनु पर्ने ।
- विगतमा थोरै रकम विनियोजन भई निर्माण सम्पन्न नभएका योजनाहरुको लागि अधुरा योजनाको रुपमा लिई सम्पन्न हुने गरी वजेट व्यवस्थापन गर्न अति आवश्यक देखिएको
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा बजेट विनियोजन गर्दा संरक्षण हुने सुनिश्चित भएमा मात्र बजेट विनियोजन गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक कार्ययोजना तयार गरी सो अनुसार अनुगमन कार्यमा सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी वजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम वनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो, कनिके फूलका विरुवा लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।.
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयंहरुले सकृयता देखाउनु पर्ने ।
- अनुदान प्रदान गरिएका कार्यक्रमहरुबाट भएका उपलब्धी विश्लेषण तथा समिक्षा गरी सो को पृष्ठपोषणको आधारमा आगामी दिनमा कार्यक्रमहरु तय गर्नु पर्ने ।
- सवै योजना/कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरिनु पर्ने
- यस नगरपालिकाबाट कार्यान्वयन हुने संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने विशेष, समपुरक तथा सशर्त अनुदानका योजनाहरुको समयमै सफल कार्यान्वयनका लागि समयमानै लागत अनुमान तयार गरी सव- ईन्जिनियर तथा ईन्जिनियरहरुबाट सम्झौता तथा कार्यान्वयन अवस्थाको निरन्तर निगरानी अनिवार्य गर्नु पर्ने ।

### घ. अनुगमन गरिएका योजना/कार्यक्रमहरुको विश्लेषण (२०८१/८२)

| | | |
|---|---|---|
| नगरस्तरबाट अनुगमन गरिएका पूर्वाधार तर्फका योजना संख्या | ३२० | |
| अनुगमन गरेका पूर्बाधार तर्फका योजनाको रकम | ३३९१३७ | रकम रु हजारमा |
| | | |

### वडा अनुसार नगरस्तरबाट अनुगमन गरिएका योजनाहरुको विवरण

| वडा नं. | योजना अनुगमन संख्या | रकम (रु हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | ३२ | २२०४१ | |
| २ | ३१ | २७३२४ | |
| ३ | २१ | २४२१२ | |
| ४ | ३५ | ३२९५२ | |
| ५ | ४१ | ५३४८२ | |
| ६ | ३० | ४५३८३ | |
| ७ | ४० | ३४७१० | |
| ८ | ४७ | ५२२७१ | |
| ९ | ४३ | ४६८५२ | |
| जम्मा | ३२० | ३३९१३७ | |

| प्रतिबेदन तयार कर्ता | प्रतिबेदन पेश कर्ता |
|---|---|
| नामः चुरामणि पन्थी | नामः समिता श्रेष्ठ |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८१।३।३२ | मितिः २०८१।३।३२ |

## शङ्करापुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, काठमाडौं

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२

| आय | | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
| संघीय सरकार | ३८,४८,६३,०००.०० | ३५,५०,२४,६७५.२० | ९२.२५ | २,९८,३८,३२४.८० |
| १३३११ समानिकरण अनुदान | १०,२२,००,०००.०० | ९,३७,७८,७२०.०० | ९१.७६ | ८४,२१,२८०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २१,९३,६३,०००.०० | २०,८७,२३,४९५.२० | ९५.१५ | १,०६,३९,५०४.८० |
| १३३१३ शसर्त अनुदान पुंजीगत | ४,८८,००,०००.०० | ४,१७,१६,४२१.०० | ८५.४८ | ७०,८३,५७९.०० |
| १३३१५ विषेश अनुदान पुंजीगत | १,४५,००,०००.०० | १,०८,०६,०३९.०० | ७४.५२ | ३६,९३,९६१.०० |
| प्रदेश सरकार | ७,२८,३१,०००.०० | ६,०३,६०,९६८.०० | ८२.८८ | १,२४,७०,०३२.०० |
| १३३११ समानिकरण अनुदान | ९८,७२,०००.०० | ९८,७२,०००.०० | १०० | ० |
| १३३१२ शसर्त अनुदान चालु | १,२०,९९,०००.०० | १,०६,७४,४२२.०० | ८८.२३ | १४,२४,५७८.०० |
| १३३१३ शसर्त अनुदान पुंजीगत | १,४३,६०,०००.०० | १,१८,४४,३२३.०० | ८२.४८ | २५,१५,६७७.०० |
| १३३१५ विषेश अनुदान पुंजीगत | ६५,००,०००.०० | ० | ० | ६५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुंजीगत | ३,००,००,०००.०० | २,७९,७०,२२३.०० | ९३.२३ | २०,२९,७७७.०० |
| राजस्व बाडफाड | ४८,२१,६३,१०५.०० | २५,३५,०४,३५२.२८ | ५२.५८ | २२,८६,५८,७५२.७२ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ३३,८३,६१,२००.०० | १३,५१,२०,८६०.०० | ३९.९३ | २०,३२,४०,३४०.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,९४,८७,३६८.०० | ५,०५,५७,२१५.४० | ८४.९९ | ८९,३०,१५२.६० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २,१६,१२,६३२.०० | २,१८,२६,०९८.३३ | १००.९९ | (२,१३,४६६.३३) |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,५९,५७,४५०.०० | २,१३,१९,५९८.९९ | ८२.१३ | ४६,३७,८५१.०१ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १५,००,०००.०० | ५,१७,५६८.३० | ३४.५ | ९,८२,४३१.७० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | १२,४४,४५५.०० | ७,४१,४०२.२६ | ५९.५८ | ५,०३,०५२.७४ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३,४०,००,०००.०० | २,३४,२१,६०९.०० | ६८.८९ | १,०५,७८,३९१.०० |
| अन्तरिक श्रोत | २०,२९,५१,८९५.०० | १८,९०,४९,८७७.६७ | ९३.१५ | १,३९,०२,०१७.३३ |
| ११३१३ सम्पती कर | ५०,००,०००.०० | ११,१३,६२०.९४ | २२.२७ | ३८,८६,३७९.०६ |

# शङ्खरापुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, काठमाडौं

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | ५९,४२,४६,४४०.०० | ४५,१८,२१,६५९.२९ | ७६.०३ | १४,२४,२४,७८०.७१ |
| २११११ पारिश्रमिक कर्मचारी | १९,१९,३५,०००.०० | १८,०९,६२,४२५.७० | ९४.२८ | १,०९,७२,५७४.३० |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,००,००,०००.०० | ८५,२०,०००.०० | ८५.२ | १४,८०,०००.०० |
| २११२१ पोशाक | ४४,१४,०००.०० | ३५,९४,०००.०० | ८१.४२ | ८,२०,०००.०० |
| २११२२ खाद्यान्न | ४३,१४,०००.०० | ३४,१४,२४५.०० | ७९.१४ | ८,९९,७५५.०० |
| २११२३ औषधीउपचार खर्च | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |
| २११३२ महंगी भत्ता | १५,००,०००.०० | ८०,०००.०० | ५.३३ | १४,२०,०००.०० |
| २११३३ फिल्ड भत्ता | २,५०,०००.०० | ९७,२००.०० | ३८.८८ | १,५२,८००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ३२,२५,०००.०० | २४,७८,६०३.०० | ७६.८६ | ७,४६,३९७.०० |
| २११३९ अन्य भत्ता | १,११,००,०००.०० | ८२,७३,५१३.७७ | ७४.५४ | २८,२६,४८६.२३ |
| २११४१ पदाधिकारी बैठक भत्ता | १५,००,०००.०० | ५,८९,३००.०० | ३९.२९ | ९,१०,७००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | २०,००,०००.०० | २०,००,०००.०० | १०० | ० |
| २२१११ पानी तथा बिजुली | ५५,००,०००.०० | २२,३३,१२१.०० | ४०.६ | ३२,६६,८७९.०० |
| २२११२ संचार महसुल | २२,१६,०००.०० | १८,३८,४८३.०० | ८२.९६ | ३,७७,५१७.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ८०,००,०००.०० | ६३,४४,७४०.०० | ७९.३१ | १६,५५,२६०.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ८०,००,०००.०० | ६४,९८,७९३.०० | ८१.२३ | १५,०१,२०७.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १५,००,०००.०० | ४,५३,७१५.०० | ३०.२५ | १०,४६,२८५.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०,००,०००.०० | ९,९७,६९१.०० | ९९.७७ | २,३०९.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४०,००,०००.०० | ३२,९९,७३७.०० | ८२.४९ | ७,००,२६३.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २,०२,१०,०००.०० | १,४८,०२,५८०.५० | ७३.२३ | ५४,०७,४१९.५० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ५,००,०००.०० | ६८,७५८.०० | १३.७५ | ४,३१,२४२.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४०,००,०००.०० | ४०,००,०००.०० | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| २२४११ सेवा र परामर्श खर्च | ८९,००,०००.०० | ५४,७७,०१२.०० | ६१.५४ | ३४,२२,९८८.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २०,००,०००.०० | ३,७४,१६५.०० | १८.७१ | १६,२५,८३५.०० |
| २२४१३ करार सेवा शुल्क | ६,२६,९३,०००.०० | ५,३६,०१,७७१.३० | ८५.५ | ९०,९१,२२८.७० |
| २२४१४ सरसफाईसेवा शुल्क | ५,००,०००.०० | ४,००,०००.०० | ८० | १,००,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | २०,००,०००.०० | ८,०००.०० | ०.४ | १९,९२,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ७५,०५,०००.०० | ४०,२३,४७०.०० | ५३.६१ | ३४,८१,५३०.०० |
| २२५२२ कार्यक्रम खर्च | १३,१९,०८,४४०.०० | ७,१३,४५,२४१.९२ | ५४.०९ | ६,०५,६३,१९८.०८ |
| २२५२९ विविध कार्यक्रम खर्च | १,१४,५०,०००.०० | १,०२,८२,४०८.५० | ८९.८ | ११,६७,५९१.५० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | २४,५०,०००.०० | १३,९४,७६५.०० | ५६.९३ | १०,५५,२३५.०० |
| २२६१९ अन्य भ्रमण खर्च | १२,००,०००.०० | ७,४५,३८०.०० | ६२.१२ | ४,५४,६२०.०० |
| २२७११ विविध खर्च | ६५,२४,०००.०० | ६३,०४,४३४.६० | ९६.६३ | २,१९,५६५.४० |
| २२७२१ सभा सञ्चालन खर्च | २५,००,०००.०० | १४,१५,५१५.०० | ५६.६२ | १०,८४,४८५.०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २०,००,०००.०० | १०,००,०००.०० | ५० | १०,००,०००.०० |
| २५३१५ अन्य सस्था सहायता | २३,००,०००.०० | १९,९९,०००.०० | ८६.९१ | ३,०१,०००.०० |
| २६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | १८,००,०००.०० | १३,००,०००.०० | ७२.२२ | ५,००,०००.०० |
| २६४१२ सरकारीनिकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई सशर्त चालु अनुदान | १९,६०,०००.०० | १९,५६,०००.०० | ९९.८ | ४,०००.०० |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | १,९८,३६,०००.०० | १,५८,२३,३२३.०० | ७९.७७ | ४०,१२,६७७.०० |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुंजीगत अनुदान | १३,००,०००.०० | १३,००,०००.०० | १०० | ० |
| २७१११ सामाजिक सुरक्षा | ४६,५०,०००.०० | ४६,०५,०००.०० | ९९.०३ | ४५,०००.०० |
| २७२११ छात्रवृत्ति | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | १,३९,५६,०००.०० | १,२८,७६,२७९.०० | ९२.२६ | १०,७९,७२१.०० |
| २८१४२ घरभाडा | ४०,००,०००.०० | २८,९४,९८८.०० | ७२.३७ | ११,०५,०१२.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ३०,००,०००.०० | २१,४८,०००.०० | ७१.५९ | ८,५२,०००.०० |
| २८२११ राजस्व फिर्ता | १,३६,५०,०००.०० | ० | ० | १,३६,५०,०००.०० |
| पूंजीगत | ५४,६०,६२,५६०.०० | ३१,८६,३१,९०९.०० | ५८.३५ | २२,७४,३०,६५१.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ११,१८,२९,७६५.०० | ३,५८,२०,८५३.०० | ३२.०३ | ७,६०,०८,९१२.०० |

| | | | | |
|---|---|---|---|---|
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २०,००,०००.०० | १९,५४,८६४.०० | ९७.७४ | ४५,१३६.०० |
| ३१११४ जग्गा विकास कार्य | ५,००,०००.०० | ४,९६,०००.०० | ९९.२ | ४,०००.०० |
| ३११२१ सवारी साधन | ७५,००,०००.०० | ४८,२५,०००.०० | ६४.३३ | २६,७५,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ९५,७५,०००.०० | ७४,५६,४४५.०० | ७७.८७ | २१,१८,५५५.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ८३,००,०००.०० | ७८,८४,६२२.०० | ९५ | ४,१५,३७८.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ७,००,०००.०० | ६,७०,०००.०० | ९५.७१ | ३०,०००.०० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | २०,००,०००.०० | १०,४९,५४६.०० | ५२.४८ | ९,५०,४५४.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | २०,००,०००.०० | ० | ० | २०,००,०००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ५०,००,०००.०० | १५,७७,१८९.०० | ३१.५४ | ३४,२२,८११.०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | २३,००,०००.०० | ५,९६,५४२.०० | २५.९४ | १७,०३,४५८.०० |
| ३११५१ सडक तथा पूल निर्माण | १८,०४,१५,९१०.०० | ११,८७,४०,७५१.०० | ६५.८१ | ६,१६,७५,१५९.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४३,००,०००.०० | २०,९५,३१३.०० | ४८.७३ | २२,०४,६८७.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ४३,००,०००.०० | ३३,६३,१९५.०० | ७८.२ | ९,३६,८०५.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १,८४,५३,०००.०० | १,०३,१२,५५२.०० | ५५.८९ | ८१,४०,४४८.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ७,००,०००.०० | ६,९५,०००.०० | ९९.२९ | ५,०००.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १८,३६,८८,८८५.०० | ११,९७,८१,१४४.०० | ६५.२ | ६,३९,०७,७४१.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २५,००,०००.०० | १३,१२,८९३.०० | ५२.५२ | ११,८७,१०७.०० |
| ३१५११ भैपरी आउने पूँजीगत | ० | ० | ० | ० |
| वित्तीय | २५,००,०००.०० | ० | ० | २५,००,०००.०० |
| ३२१५२ अन्य संस्थामा शेयर लगानी | २५,००,०००.०० | ० | ० | २५,००,०००.०० |
| जम्मा | १,१४,२८,०९,०००.०० | ७७,०४,५३,५६८.२९ | ६७.४१ | ३७,२३,५५,४३१.७१ |

<u>अनुसूची ४</u>

**नागरिक स्वास्थ बीमा कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ मा भएको संशोधन**

१.  दफा ५. को (ग४) मा भएको संशोधन: महिला स्वास्थ्य स्वयसेविका संलग्न भएको परिवारको योगदान रकमको **सय** प्रतिशत,

२.  दफा ५ को (ग५) मा भएको संशोधन: माथि उपदफा ५(ग) मा उल्लेखित बाहेक यसै कार्यविधिको दफा ४(क) अनुसारको लक्षित वर्गको हकमा योगदानको **सय** प्रतिशत ।

**नागरिक स्वास्थ बीमा कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ <u>को तीन महले</u>**

| क स | कार्यविधिमा भएको साविक व्यवस्था | कर्यविधिमा कायम हुने हालको व्यवस्था | कार्यविधिमा संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | महिला स्वास्थ्य स्वयसेविका संलग्न भएको परिवारको योगदान रकमको **पचास** प्रतिशत, | महिला स्वास्थ्य स्वयसेविका संलग्न भएको परिवारको योगदान रकमको **सय** प्रतिशत, | नागरिक स्वस्थ्य बीमा कार्यक्रममा नगरपालिकाले व्यहोर्ने रकममा रहेको असमानतालाई हटाई समानता कायम गर्नु पर्ने भएकाले । |
| २ | माथि उपदफा ५(ग) मा उल्लेखित बाहेक यसै कार्यविधिको दफा ४(क) अनुसारको लक्षित वर्गको हकमा योगदानको **पचास** प्रतिशत । | माथि उपदफा ५(ग) मा उल्लेखित बाहेक यसै कार्यविधिको दफा ४(क) अनुसारको लक्षित वर्गको हकमा योगदानको **सय** प्रतिशत । | नागरिक स्वस्थ्य बीमा कार्यक्रममा नगरपालिकाले व्यहोर्ने रकममा रहेको असमानतालाई हटाई समानता कायम गर्नु पर्ने भएकाले । |
| | | | |

## अनुसूची ५

## शान्ति पार्क बुद्ध मुर्ति निर्माण कार्यको दरदेट

| सि.न | विवरण | ईकाई | दर रेट (भ्याट बाहेक) | | | न्युनतम दर (भ्याट बाहेक) |
|---|---|---|---|---|---|---|
| | | | बुद्दिष्ट थाङ्का कला विकास केन्द्र | हिमालयन खस्योर आर्ट एण्ड ह्याण्डीक्राफ्टस प्रा.लि | बुद्ध त्रिरत्न मुर्तिकला & हस्तकाला उद्धोघ प्रा.लि | |
| १ | सिंह आसनको विभिन्न पट्टा नुर्वु सिंह हात्ती मयुर बुजुङ टासी तागे टासी जेके नुर्वुमेम्पर दोर्जेपट्टा दोर्जेसिंह आसनको सम्पुर्ण बुट्टाहरुको कार्य | वर्ग मि | १९००० | १८००० | १८३५० | १८००० |
| २ | मुर्ति भित्र राख्ने (स्हङ) मन्त्रहरु पेमास्हङ, सुङ, माने, टासी, दोइसोल, मोलम, हिग्य, सबै मन्त्रहरु एकमुष्टमा | प्रति के.जी | १०२५० | १२२०० | १५२५ | १५२५ |
| ३ | सिंह आसन भित्र अथवा (ठि) को भित्र राख्ने विभिन्न समानहरु सबुम्वा (भुमिकलश लबुम्वा नाग कलश याङबुम्वा मनिकलश) | प्रति गोटा | ५१०० | ४९०० | ५१०० | ४९०० |
| ४ | सिंह आसनमा राख्ने छाछा (सानो स्तुपा) धेरै मंत्र सहित राख्न | प्रति गोटा | १२५ | १२० | १०० | १०० |
| ५ | संह आसन भित्र राख्ने छोनकहरु डल्जे सेटहरु | सेट | ३०००० | ३१५०० | ३२१५० | ३०००० |
| ६ | विभिंन्न साङ धुपहरु | प्रति के.जी | २०० | २६० | २३५ | २०० |
| ७ | कपुर | प्रति के.जी | ३०० | ३१०० | ३५०० | ३०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | पन्चरत्नहरु (मेनसाङ) डिसाङ | सेट | ५१०१० | ५५००० | ५१००० | ५१००० |
| ९ | सोकसिङमा बेर्ने कपडा गोइजेनको | मिटर | ४००० | १७०५ | १५०० | १५०० |
| १० | दुई कोट प्राईमर सहित सिंह आसनको बुट्टामा लगाउने कम्तिमा तिन कोट आर्टिसटिक रङ्गहरु सम्पुर्ण कार्य सहित | वर्ग मि | ४१०० | ४००० | ४६०० | ४००० |
| ११ | पदमा आसन देखी मुर्तिको शिरसम्म यस कार्यालयबाट उपलब्ध गराईएको मुर्तिको शरिरको डिजाईन ड्राईङ्ग बमोजिमको साईज र विवरणको बुद्ध मुर्तिको डण्डि र RCC ढलान (भित्रको RCC Frame बाहेक) , शरिर बनोटको बुट्टा र आसन समेत | प्रति मि | ७९०११० | ७८५२५० | ७६५००० | ७६५००० |
| १२ | दुई कोट प्राईमर सहित मुर्तिमा लगाउने कम्तिमा तिन कोट रङ्ग सम्पुर्ण कार्य सहित | प्रति मि | १४२५० | १०१५० | १२२५० | १०१५० |
| १३ | मुर्ति भित्र राख्ने मेरुदण्ड (सोकसिङ धुपिको काठ वा अग्राखको काठ) बढिमा तल ६"*६" र माथि ३"*३" साईजको | प्रति मि | १५०००० | १६१५६० | १५१००० | १५०००० |
| १४ | सुङ्ग मन्त्र सहितको १२" को माने सेट खरिद र जडान सहित | प्रति गोटा | १७९०० | १५००० | १६५०० | १५००० |

## अनुसूची ६

## योजना कार्यान्वयन कार्यतालिका

| शंखरापुर नगरपालिकाबाट सञ्चालन गरिने योजना/कार्यक्रमहरु कार्यान्वयन तथा अनुगमन कार्यतालिका २०८२।८३ | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम | महिना | | | | | | | | | | | | कैफियत |
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | |
| 1 | वडा अध्यक्षज्यूसँग छलफल | | | | | | | | | | | | | |
| 2 | उपभोक्ता समिति गठन | | | | | | | | | | | | | |
| 3 | उपभोक्ता समितिसंग सम्झौता | | | | | | | | | | | | | |
| 4 | उपभोक्ता समिति अभिमुखिकरण | | | | | | | | | | | | | |
| 5 | रु १५ लाखसम्मका योजनाको लागि उ.स.गठन हुन नसके वा उ.स.बाट नगरेमा अन्य खरिद विधिको प्रकृया शुरु | | | | | | | | | | | | | |
| 6 | युवा स्वरोजगारका लागि निवेदन माग (उद्यम विकास) | | | | | | | | | | | | | |
| 7 | DPR तयार गर्नु पर्ने योजनाहरुको DPR तयार गर्ने | | | | | | | | | | | | | |
| 8 | योजना/कार्यक्रमहरु अनुगमन तथा फरफारक | | | | | | | | | | | | | |
| 9 | नगरपालिकाबाट सञ्चालन हुने योजना/ठूला खरिदको विधि छनौट गरी प्रकृया अघि बढाउने | | | | | | | | | | | | | |